नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४९१

मिति:२०८३/०३/८

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

विषयः सरकारी जग्गा उपयोग सम्वन्धमा ।

प्रस्तुत विषयमा स्थानीय तहले सरकारी निकायको नाममा रहेको जग्गा र नेपाल सरकारको नाममा रहेको सरकारी जग्गा उपयोग गर्ने सम्वन्धमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति (पहिलो संशोधन), २०८२ अनुसार हुँदै आएकोमा मिति २०८३/२/२८ को नेपाल राजपत्रमा प्रकाशित मालपोत (नवौ संशोधन) नियमावली, २०८३ को नियम २३झ२. मा सरकारी जग्गा उपयोग गर्न दिन सकिने व्यवस्था गरिएको छ । कुनै सरकारी निकायको नाममा दर्ता रहेको जग्गा उपयोग गर्नुपर्ने भएमा मालपोत (नवौ संशोधन) नियमावली, २०८३ को नियम २३झ२. को उपनियम (२) र नेपाल सरकारको नाममा दर्ता कायम रहेको सरकारी जग्गा उपयोग गर्नुपरेमा सोही नियमको उपनियम (३) र (४) बमोजिम हुने व्यवस्था गरिएको हुँदा स्थानीय तहले कुनै सरकारी निकायको नाममा रहेको जग्गा तथा नेपाल सरकारको नाममा रहेको जग्गा उपयोग गर्ने गरी नेपाल सरकारको स्वीकृति प्राप्त गर्नुपूर्व केन्द्रीय निकायको सिफारिस आवश्यक नपर्ने भएकोले नियमावलीको नियम २३झ२. को प्रकृया पुरा गरी सम्वन्धित जिल्ला स्थित भूमि प्रशासन कार्यालय मार्फत उपयोग अनुमतिको प्रकृया अगाडी वढाउन सकिने व्यहोरा जानकारीको लागि निर्णयनुसार अनुरोध छ ।

बोधार्थः

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन।

..................

प्रकाश पन्थी

शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np